PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
epratekdaily.com

**दूषित पानीका कारण हुने रोगप्रति सजग रहौँ:**
- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जन्डिसजस्ता रोग लाग्न सक्छन् ।

त्यसैले:
- खोला, धारा वा मूलको पानी सीधैं नपिऔं ।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३६ ❖ २०८० साउन ३२ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 August 17 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४८

# निर्माणाधीन दुधौरा पुलको डाइभर्सनमा विभाग र ठेकेदारको चरम लापरवाही

प्रस, निजगढ, ३१ साउन/

पूर्व-पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत बाराको निजगढ-पथलैया सडकखण्डस्थित निर्माणाधीन दुधौरा पुल डाइभर्सनमा पुल विभाग, काठमाडौं र ठेकेदार कम्पनीको चरम लापरवाही हुँदै आएको देखिएको छ । पुल निर्माणका लागि करीब दुई सय मिटर लम्बाइको डाइभर्सनमा ठूलाठूा खाल्डा परेको एक महीना बिते पनि न त पुल विभाग, न त पुल निर्माण ठेकेदार कम्पनीले खाल्डाखुल्डी पुर्न वास्ता देखाएका छन् ।

पूर्व-पश्चिम महेन्द्र राजमार्ग अन्तर्गतका सडकखण्ड सवारीसाधन आवतजावतका लागि लाइफलाइन हो । यही सडक भएर पूर्वदेखि पश्चिम, पश्चिमदेखि पूर्वसम्म अर्थात् देशकै कुनाकुनामा मालसामान ढुवानी, यात्रुहरू ओहोरदोहोर गर्ने गर्छन् । तर यही राजमार्गको सडकखण्डमा निर्माण शुरू गरिएका पुल, सडकहरू वर्षौंसम्म अलपत्र रहनुका एउटा पाटो रहे पनि नजीकैको दुधौरा खोलाको ग्राभेलसम्म लगेर खाल्डाखुल्डी पुर्न बेवास्ता गर्दै आइरहेको छ । यसबारे जिल्ला प्रशासन कार्यालय, बारा, मधेस प्रदेश ट्राफिक कार्यालय, पथलैयाले समेत चासो देखाएको पाइँदैन ।

दैनिक सयौं सवारीसाधन र हजारौं यात्रुहरू सहजरूपमा आवतजावतका निम्ति अस्थायी पुल बेलिब्रिजको दुवैतर्फ समेत साँघुरो र खाल्डाखुल्डी व्यापक मात्रामा छन् । तर मर्मतसम्भार र पुर्न दिइएको छैन । जसका कारण त्यस डाइभर्सन भएर ओहोरदोहोर गर्न सवारी साधन र यात्रुहरूले सास्ती खेप्दै आइरहेका छन् ।

बाराको निजगढ-पथलैया सडकखण्डको दुधौरा पुल निर्माण शुरू गरिएको चार वर्ष बित्यो । तर पुलको काम ५० प्रतिशत मात्र सम्पन्न भएको छ । ठेक्का सम्झौता अनुसार तीन वर्षभित्र निर्माण सम्पन्न गर्नुपर्ने सो पुल तोकिएकै समयसीमाभित्र निर्माण नहुँदा यस राजमार्ग भएर दैनिक सयौंका सङ्ख्यामा गुड्ने सवारीसाधन र यात्रुहरूले जोखिम झेल्दै आइरहेका छन् ।


निजगढ-पथलैया सडकखण्डमा निर्माणाधीन दुधौरा पुलको डाइभर्सनमा दुर्घटनाग्रस्त ट्रक । तस्वीर : प्रतीक

शुरूमा भासिएको पिलरलाई भत्काइ रेक्ट्रोफिटिङ गरियो । तर पनि पिलर जमीनमुनि भासिन छोडेन । दुईपटक पुलको पिलर भासिएपछि एशियन हाइवेको रूपमा रहेको सडक विस्तारसँगै यस पुललाई पूर्णरूपमा निस्तेज गरी नयाँ पुलको काम थालिएको चार वर्ष नाघ्यो । काम कम अलपत्र हुने ठेकेदारी रोगले अझै छोडेन । यसतर्फ न त पुल विभाग महाशाखा काठमाडौंको समयमा नै ध्यान गयो, न त राज्यका अन्य सरोकारवाला निकायहरूको नै निर्माणलाई निरन्तरता दिन झकझक्याउने काम नै भए ।

सडक सञ्जालको हिसाबले मुलुककै लाइफलाइनको रूपमा रहेको एकमात्र पूर्व-पश्चिम महेन्द्र राजमार्गमा रहेको अलपत्र बेवारिसे यस दुधौरा पुलको बारे बारा क्षेत्र नं ४ बाट सङ्घीय सांसद कृष्णकुमार श्रेष्ठ (किसान)ले आग्रह गरेपछि पुल निर्माणको कार्यले गति लिएको थियो ।

वर्षायाममा मात्र निर्माण कार्य अलपत्र हुने होइन । अन्य सहज मौसममा पनि लामो समयसम्म पुलको काम बेवारिसे बन्दा एम्बुलेन्स, मोटरसाइकल, जीप, कारलगायत अन्य साना तथा ठूला सवारीसाधनले कठिनाइ भोग्दै आइरहेका गाडी चालक मुन्ना साहले बताए । खाल्डाखुल्डी पनि पुर्दैनन् । अहिले निकै ठूला ठूला खाल्डाखुल्डी छन् । ट्राफिक प्रहरी र प्रहरी प्रशासनले देखेका छैनन् र ? ठेकेदारले पुर्ने हो कि सडक विभागले गर्नुपर्ने हो । यसतर्फ कसैको ध्यान जाँदैन अधिकांश साना तथा ठूला सवारी चालकहरू आक्रोशित हुँदै भन्छन् ।

"हाम्रा गाडीमा सानो तिनो समस्या भयो भने, जरिवाना काट्न हतारिने तीन किलोमिटर नजीकै पथलैयामा रहेको मधेस प्रदेश ट्राफिक प्रहरी कार्यालय, १८ किलोमिटर पर पूर्वमा रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय, निजगढ, बाराले अहिलेसम्म डाइभर्सन बेहाल देखेको छैन र ?" अधिकांश चालक भन्छन् ।

डाइभर्सनका कारण सबैभन्दा बढी ज्यानको जोखिम एम्बुलेन्समा लिएर जाने बिरामीहरूलाई हुने गरेको एम्बुलेन्स चालकहरू भन्छन् । ठूला गम्भीर प्रकृतिका बिरामी, प्रसव पीडाका बिरामीलगायत अन्य बिरामी दैनिक ८-१० वटा एम्बुलेन्स यस जोखिमपूर्ण डाइभर्सन छिचोल्दै वीरगंज, हेटौंडा, चितवन, काठमाडौंका अस्पतालमा जाने गर्छन् । बर्दिबास, लालबन्दी, सर्लाही, रौतहटका विभिन्न ठाउँबाट बिरामीहरू लिएर आउँदा सहज भएपनि यो तीन सय मिटर लम्बाइको डाइभर्सन दुई सय किलोमिटरको जस्तो हुने यहाँबाट गुड्ने एम्बुलेन्स चालकहरू भन्छन् ।

दुर्घटनाका घाइते, प्रसूति पीडालगायतका गम्भीर प्रकृतिका बिरामीलाई सडक र डाइभर्सन खराब हुँदा समयमैं अस्पताल पुर्याउन ढिला हुने निजगढका एम्बुलेन्स चालक वीरबहादुर लोप्चनले बताए ।

त्यसैगरी, प्रायः दैनिक सोही सडक भएर अटो चलाउँदै आइरहेका पिलुवाका रामचन्द्र भट्टराईले पनि पुल तोकिएको समयभित्र नबन्दा दैनिक सयौं सवारीसाधन र हजारौं यात्रुले सास्ती खेप्नुपरिरहेको बताए ।

वर्षामा डाइभर्सनमा खाल्डाखुल्डी भएपनि त्यसलाई पुर्न र सम्याउन न त सडक विभाग, न पुल विभाग, न त पुल बनाउने जिम्मा लिएको ठेकेदार कम्पनीलाई नै छ । डाइभर्सनका खाल्डाखुल्डी मर्मत नगर्दा अटो, कार, जीप ठोक्किएर क्षति पुग्ने गरेको छ ।

सो पुल निर्माणका लागि खोलिएको लगभग दुई सय मिटरको डाइभर्सन कहालीलाग्दो हुने गरेको आवतजावत गर्ने अधिकांश चालकको भनाइ छ । अघिल्लो समय पनि महीनौंसम्म डाइभर्सनका ठूला खाडलहरूको मर्मतसम्भार र जमीनको सतहलाई नसम्याउँदा मोटरसाइकल, जीप, कारलगायतका होचा बनौटका सवारीसाधनहरू खाल्डोमा परी दुर्घटना भई क्षति हुने गरेका घटना आइरहेका जिल्ला ट्राफिक प्रहरी कार्यालय, बाराले जनाएको छ ।

यता डाइभर्सनका खाल्डाखुल्डी पुर्न, सम्याउन लगाउने काम सडक कार्यालयको नभई पुल विभाग काठमाडौं र ठेकेदार कम्पनीको भएको सडक डिभिजन कार्यालय, हेटौंडाका प्रमुख राजेश यादवले प्रतिक्रिया दिए ।

निर्माणधीन दुधौरा पुल डाइभर्सनका खाल्डाखुल्डी पुर्न आफूले बारम्बार आग्रह गरे पनि ठेकेदार कम्पनीले बेवास्ता गर्ने गरेको मधेस प्रदेश ट्राफिक प्रहरी कार्यालय, पथलैयाका प्रमुख एवं ट्राफिक प्रहरी उपरीक्षक सन्तोषकुमार भट्टराईले बताए ।

पुल निर्माण ठेकेदार कम्पनी महादेव खिम्ती हीराचन जेभी, काठमाडौंका इन्जिनीयर अजयकुमार झाका अनुसार बाढीले निर्माणाधीन पुलका सामानहरू बगाइ र बालुवाले पुरेर लाखौं रकमको क्षति पुर्याएकोले सो सामानहरूको इन्स्योरेन्समा क्षति दाबी गर्नका लागि सम्बन्धित क्षेत्रको प्रहरी कार्यालयले पत्र नबनाइदिएकोले इन्स्योरेन्स रकम नआउने भएकोले उक्त डाइभर्सनका खाल्डाखुल्डी ठेकेदार कम्पनीले पुर्न नसकेको बताए ।

बाढीले बेलिब्रिजलाई सुरक्षाका लागि लगाइएका तारजालीका स्परहरूसमेत बगाएको र क्षति पुर्याएकोले पनि बेलिब्रिज असुरक्षित अवस्थामा रहेको इन्जिनीयर झाले प्रतिक्रिया दिए ।

हिउँदमा सो डाइभर्सनमा धूलो नउडोस् भन्नाका लागि पानी पटाउने गरे पनि त्यस कार्यले निरन्तरता पाएको छैन । ८०-९० किलोमिटर सडक यात्रा पार गरेर आउने सवारी चालक अनि यात्रुहरूसमेत यति छोटो डाइभर्सनको खाल्डाखुल्डी र उडेका धूलोले दिक्दार हुने गरेका छन् ।

पुल निर्माण कार्य क्षेत्रमा कति रकममा ठेक्का साकार हो, कति समयावधिमा काम सम्पन्न गर्नुपर्नेलगायतका विवरण खुल्ने सार्वजनिक साइनबोर्ड, सम्पर्क नम्बर ठेकेदार कम्पनीले राख्नुपर्नेमा राखेको देखिंदैन । जसले गर्दा ठेकेदार कम्पनीको बेवास्ता बढेको देखिन्छ ।

महादेव खिम्ती हीराचन जेभी काठमाडौंले दुई स्पानको ९० मिटर लम्बाइको उक्त पुल निर्माण सम्पन्न गर्नका लागि १७ करोड २२ लाखमा ठेक्का साकार गरेको पुल विभाग महाशाखा काठमाडौंले जनाएको छ । साबिक पुलको पिलर दुईपटक भासिएपछि र सडकको चौडाइ पनि विस्तार गर्ने कार्य अघि बढिरहेकाले पुरानो पुललाई पूर्णरूपमा भत्काइ नयाँ पुलको डिजाइनपछि निर्माणका लागि ठेक्का सम्झौता भएको पुल विभाग महाशाखाले जनाएको छ ।

महेन्द्र राजमार्ग निर्माणका बेला तत्कालीन सोभियत सङ्घले चार दशकअघि निर्माण गरेको दुई लेनको पुल अब चार लेनको हुने महाशाखाले जनाएको छ । सो पुल निर्माण गर्ने ठेकेदारको आग्रहलाई ध्यानमा राख्दै पुल महाशाखा विभागले उक्त कार्य २०८० असार मसान्तभित्र निर्माण सम्पन्न गरिसक्नुपर्ने म्याद थप गरिदिएपछि कामले गति लिन थालेको हो । अहिलेसम्म ५० प्रतिशत मात्र काम सम्पन्न भएको छ । वर्षामा सवारीसाधन आवतजावतमा समस्या नहोस् भन्ने उद्देश्यले दुधौरा खोलाको निर्माणाधीन पुलको दक्षिणतर्फ बेलिब्रिज सञ्चालनमा ल्याउने गरिएको छ । बढीमा ३० टनसम्म क्षमता भएको सो ब्रिजमा ५०-६० टनभन्दा बढी भारका मालवाहक सवारीसाधन ओहोरदोहोर गर्ने गरेका कारण सो ब्रिजसमेत कमजोर बन्दै गइरहेको छ । ५०-६० टनभन्दा बढीको सामान लोड गाडी बेलिब्रिजबाट आवागमन हुने गरेका छन् । जसले गर्दा सो ब्रिजसमेत उच्च जोखिममा रहेको प्रायः ओहोरदोहोर गर्ने सवारीचालकहरू बताउँछन् ।

ठेक्का सम्झौता अनुसार पुल विभाग महाशाखा काठमाडौंले बेलिब्रिज दुई वर्ष

(बाँकी अन्तिम पातामा)

# परीक्षा पुस्तिका साट्ने दुई परीक्षा प्रमुख पक्राउ

प्रस, वीरगंज, ३१ साउन/

वडा प्रहरी कार्यालय, बिर्ताले बिबिएस दोस्रो वर्षको परीक्षा पुस्तिका परिवर्तन गर्न खोज्ने दुईजनालाई पक्राउ गरेको छ ।

वप्रका, बिर्ताका प्रहरी निरीक्षक विदुर शिवाकोटीले त्रिजुद्ध माविमा सञ्चालन भइरहेको ठाकुर राम बहुमुखी क्याम्पसमा अध्ययनरत बिबिएस दोस्रो वर्षको परीक्षाको क्रममा बुधवार बिहान बाहिरबाट लेखेर ल्याएको उत्तरपुस्तिका साट्ने क्रममा ठाराब क्याम्पस परीक्षा शाखाका पूर्वप्रमुख मोहन यादव र त्रिजुद्ध माविका परीक्षा प्रमुख वीरेन्द्र स्वर्णकारलाई पक्राउ गरिएको बताए ।

उनले परीक्षा सकिएपश्चात् उत्तरपुस्तिका दिने बेलामा परीक्षा केन्द्र प्रमुख स्वर्णकारलाई बाहिरबाट लेखेर ल्याएको उत्तरपुस्तिका दिने क्रममा यादवसहितलाई पक्राउ गरिएको प्रनि शिवाकोटीले बताए । ठाराब क्याम्पसको पूर्व परीक्षा शाखा प्रमुख यादव हाल हरि खेतान बहुमुखी क्याम्पसमा परीक्षा शाखा प्रमुखमा कार्यरत छन् । सूचनाको आधारमा दुवैजनालाई पक्राउ गरिएको हो ।

ठाराब क्याम्पसमा विद्यार्थीहरूले आर्थिक चलखेलमा उत्तरपुस्तिका साट्ने कार्य गर्दै आएको कुरा प्रहरीलाई प्राप्त भएपछि आज यससम्बन्धी निगरानी गर्दा यादव र स्वर्णकार रङ्गेहात पक्राउ परेको प्रनि शिवाकोटीले बताए । दुवैजनालाई कारबाईको लागि जिल्ला प्रहरी कार्यालय चलान गरिएको छ । उनीहरूमाथि शिक्षा ऐन २०२८ को दफा १७ अनुसार प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा वा अरूको परीक्षा दिएमा वा परीक्षाको मर्यादा भङ्ग गरेमा संलग्न कसूरवारलाई मात्रा हेरेर एक लाख जरिवाना, छ महीना कैद वा दुवै हुन सक्ने व्यवस्था छ । यही दफा अनुसार दुवैजनामाथि मुद्दा चलाउने तयारी प्रहरीले गरेको छ ।

पर्सा प्रहरीका प्रवक्ता दीपक गिरीले पक्राउ परेका दुवैजनामाथि थप अनुसन्धान भइरहेको बताए ।

# सिसी क्यामरा निगरानी कक्ष उद्घाटन


जिल्ला प्रहरी कार्यालय, पर्सामा निगरानी कक्षको उद्घाटन र गण्डकमा राष्ट्रिय झन्डोत्तोलन गरिंदै । तस्वीरः प्रतीक

प्रस, परवानीपुर, ३१ साउन/

नगरप्रमुख राजेशमान सिंह, प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी र प्रहरी उपरीक्षक कोमल शाहले सिसी क्यामरा र राष्ट्रिय झन्डोत्तोलन गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय, पर्सामा सिसी क्यामरा निगरानी कक्षको आज उद्घाटन गरिएको हो । वीरगंज-पथलैया सडकखण्डमा सवारीसाधन आवतजावत गर्ने र सो क्रममा तीव्र गतिमा गुड्दा सवारी दुर्घटनाको जोखिम हुने र सो क्रममा सवारीसाधन लिएर चालकहरू फरार हुने, दुर्घटनामा मानिसहरू घाइते, मृत्यु हुनेजस्ता घटनाहरू भइरहेका र सोमा संलग्न व्यक्ति, सवारीसाधनलाई नियन्त्रणमा लिन सिसी क्यामरा प्रभावकारी हुने देखेर महानगरको रु २७ लाख आर्थिक सहयोगमा अटोमेटिक नम्बर रिकगनाइजेशन सिस्टम विथ रडार क्यामरा जडान गरिएको र यसले सवारी दुर्घटना निगरानीमा सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।

घटना भएपछि घटनाका कसूरवारहरूलाई नियन्त्रणमा लिन आगामी दिनमा सहज हुने प्रउ शाहले बताए ।

## छोटकरी

### सर्पदंशबाट महतोको मृत्यु

प्रस, वीरगंज, ३१ साउन/

छिपहरमाई गाउँपालिका-५ भिस्वा निवासी २४ वर्षीय सेठ महतो केवटको सर्पले टोकेर मृत्यु भएको छ । हिजो मध्यरातमा घरमा सुतिरहेको बखत केवटलाई सर्पले टोकेको र केही क्षणमैं उनको मृत्यु भएको इप्रका, पोखरियाका प्रहरी निरीक्षक मोहन विक्रम केसीले बताए ।

**विचारसार एवं सूक्तिहरू**

**भविष्यको खोजी गर्ने मानिसको प्रत्येक दिन खेर गइरहेको हुन्छ । प्रत्येक बेलुकी उसलाई थाहा हुन्छ, आज त व्यर्थ बित्यो ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# विद्यार्थीलाई एनसिसी तालीम

**एनसिसी–नेशनल कैडेट कोर, अर्थात् राष्ट्रिय सेवा दल । यो सेनाद्वारा नागरिकलाई दिइने प्रारम्भिक सैन्य तालीम हो । नेपालमा यसको शुरूआत २०२२ सालमा भए पनि त्यस बेलाको साँघुरो सोच र तालीम प्राप्त नागरिक राज्यविरुद्ध जालान् भन्ने भयले यसलाई निरन्तरता दिइएन। देशमा लोकतन्त्रको आगमनपछि सम्भवतः २०७१ सालतिर यसको पुनः शुरूआत गरियो । नेपाली सेनाको कालिजङ्ग गणले काभ्रेको धुलिखेलका सातवटा विद्यालयका सिनियर र जुनियर विद्यार्थीहरूलाई समेटी यो तालीम शुरू गर्न लागेको जनाइएको छ। यसमा जिल्लाका पाँच विद्यालयका जुनियर विद्यार्थीहरूलाई साउन १ गतेदेखि नै तालीम प्रदान गर्न थालिएको छ भने दुई विद्यालयका सिनियर विद्यार्थीहरूलाई भदौ १ गतेदेखि तालीम सञ्चालन गर्ने जनाइएको छ। एक वर्षमा २५६ विद्यार्थीहरूको ७ डिभिजनमा १८ जना छात्र र १८ छात्रा सम्मिलित एउटा डिभिजन बनाएर १०० दिन तालीम दिइने छ। यसमध्ये ७९ दिन विद्यालयमैं र २१ दिन 'क्लोज क्याम्प'को रूपमा तालीम दिने बताइएको छ। सातै प्रदेशका ७७ वटै जिल्लाबाट वार्षिक ७,७०० जना विद्यार्थीहरूलाई तालीम दिने कार्यक्रम रहेको बताइएको छ ।**

**एनसिसी तालीम मुख्यतः नागरिकलाई कठिन परिस्थितिमा बाँच्न सक्ने, पारस्परिक सहयोग विकसित गर्ने, राष्ट्रप्रेम, सामाजिक दायित्व, नेतृत्व विकास, अनुशासन, जवाफदेहिता, इमानदारिता र वफादारीलगायत सैन्य र मानवीय तथा सामाजिक सेवा विषयमा प्रशिक्षित गर्नु हो। तालीमको लक्ष्य एरोविक्स, तेक्वान्दो, आइकिदोको प्रारम्भिक ज्ञान दिएर विपद् व्यवस्थापनमा उद्धार तथा स्वयंसेवी भूमिका निर्वाह गर्न सशक्त भूमिका खेल्ने नागरिक तयार गर्ने रहेको हुन्छ । तालीमको सन्दर्भमा सरसफाइ तथा वातावरणलगायत विषयमा जानकारी गराइन्छ। निश्चय नै एउटा प्रशिक्षित नागरिकको सोच सकारात्मक हुन्छ, उसमा भ्रातृत्वको भावना समेटिन्छ । कुनै पनि प्रशिक्षण व्यक्तिलाई योग्यबाट योग्यतम बनाउनु हो । यस स्तम्भकारले पनि सन् १९५० मा भारत भ्रमणमा रहँदा मुम्बईमा दुई दिनको एनसिसी तालीममा भाग लिएको थियो । दुई दिनमैं सिकेका कुराले आफूमा केही विशिष्टता पाएको अनुभव पनि छ । जुनसुकै पनि परिस्थितिका लागि हमेशा तयार रहनु र समयको मर्यादा गर्नु तीमध्ये केही कुराको सम्झना आजपर्यन्त ताजा छ। दुई दिनको तालीमले त्यत्रो उपलब्धि दिएको थियो भने सोही उमेरका विद्यार्थीहरूलाई १०० दिनको तालीम दिंदा उनीहरूको व्यक्तित्व विकास तथा कैरियर निर्माणमा कति सहयोग पुग्ला सहज अनुमान गर्न सकिन्छ ।**

**ढिलै भएपनि नेपालमा पनि सेनाको नेतृत्वमा विद्यार्थीहरूलाई यस्तो उपयोगी तालीमको व्यवस्था गरिंदै छ, यसलाई नागरिकस्तरसम्म पुर्‍याउन पाए झन् राम्रो हुने थियो। यसले देशमा बसेर रोजगार–स्वरोजगार गर्ने व्यक्ति, जागीरमा जाने नागरिक वा वैदेशिक रोजगारमा जाने कसैलाई पनि उसको क्षमता अभिवृद्धिमा योगदान पुर्‍याउने छ । आजको छाडातन्त्रको बेला यस्तो प्रशिक्षणले समाजलाई [redacted] शासन स्थापित गर्न ठोस योगदान [redacted] हुनै सक्दैन। बरु यस तालीमलाई [redacted] पुर्‍याउने चाँजो मिलाउन सके [redacted] यता फलित हुने थियो र देशले [redacted] नुको साटो कर्तव्यनिष्ठ नागरिक [redacted]**

# उच्च शिक्षा अध्ययन गर्ने बाटोका यात्रीहरूसित

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**आजभोलि यस बहसले पनि प्राथमिकता पाउन थालेको छ कि पढेर मालिक बन्ने कि नोकर ? बढी मानिस नोकरी गर्न चाहन्छन् तर पढेलेखेकैहरू मालिक पनि बनिरहेका छन्। मालिक बन्ने कि नोकर भन्ने बहस सतहमा आएको पाइँदैन, तर यले बौद्धिक क्षेत्रलाई तताइरहेको यथार्थ हो ।**

अहिले भर्खर कक्षा बाह्रको अन्तिम परीक्षाको नतीजा सार्वजनिक भएको छ। नतीजा सार्वजनिक भएसँगै अधिकांश परीक्षार्थीले आफ्नो उच्च शिक्षाको उडानको लागि बाटो खुला भएको देख्न थालेका छन्। उच्च शिक्षा अध्ययन गर्ने धेरैको सपना हुन्छ। धेरैको सपनामा दुई कुरा आउँछ, अभिभावक र विद्यार्थी स्वयंको । अहिले अभिभावकमाथि विद्यार्थीको चाहना ठूलो मान्न थालिएको छ। केही दशक पहिलेसम्म अभिभावकले भनेजस्तै विद्यार्थी पढ्न बाध्य हुन्थे वा अभिभावकले नै दिएको सल्लाहमा उच्च शिक्षा पढ्ने काम गर्दथे। अहिले समय बदलिएको छ । विद्यार्थीको रुचि र क्षमतामा अभिभावकले सहयोग गर्न थालेका छन्। अभिभावकले विद्यार्थीलाई अझ राम्ररी पढोस् भन्ने चाहना राख्न थालेका छन् । आखिरमा पढ्ने भनेकै विद्यार्थीले हो र पढ्नेले आफ्नो रुचिको क्षेत्रमा म सबैभन्दा राम्रो वा अझ राम्रो गर्न सक्छु भन्ने भएपछि आफ्नो चाहना वा सपनाको पढाइमा लाग्न अभिभावकले थप मलजल गर्दछन् ।

अभिभावकले विद्यार्थीलाई सल्लाह नदिने होइन र विद्यार्थीले पनि अभिभावकको हैसियत र आफ्नो पढाइको हैसियत नबुझेको होइन। कक्षा बाह्र उत्तीर्ण गर्दासम्म विद्यार्थी सामान्यतया समाज र आफ्नो हैसियत बुझ्न सक्ने भइसकेका हुन्छन् । आफ्नो घरपरिवारको आर्थिक हैसियत र आफ्नो पढाइको हैसियत बुझेपछि विद्यार्थीलाई गन्तव्य पहिल्याउन सजिलो हुन्छ। अहिले पनि सबै अभिभावकको हैसियत आफ्नो बालबालिकालाई चाहेजस्तो शिक्षा दिलाउन सक्ने भइसकेको छैन। यसैगरी सबै विद्यार्थी आफ्ने रुचिको क्षेत्रमा निश्शुल्क छात्रवृत्ति पाउन सक्ने अवस्थाका हुँदैनन् । यसैबीच सन्तुलन मिलाउनुपर्ने हुन्छ । एक किसिमले परिस्थितिसित सम्झौता गर्नुपर्ने हुन्छ। सम्झौताले दुईबीच सन्तुलन मिलाउँछ र सन्तुलन मिलेको विन्दुबाट विद्यार्थीले नयाँ गन्तव्य पहिल्याउँछ ।

आजभोलि उच्च शिक्षा अध्ययन गर्ने अवसरको विस्तार भइसकेको छ। करीब सबै जिल्लामा स्नातक क्याम्पसहरू खुलेका छन्। साथै विभिन्न किसिमका प्राविधिक विद्यालयहरू पनि खुलेका छन् । कक्षा बाह्र उत्तीर्ण गरेपछि विद्यार्थीका अगाडि धेरै अवसर खुला हुन्छन् । विद्यार्थीले कक्षा बाह्रमा कुन विषय लिएर पढेको छ र आफ्नो अवस्था कुन किसिमको छ भन्ने कुरा विचार गरी आफैंले आफ्नो उच्च शिक्षाको गन्तव्य रोज्न सक्छन् । आफूलाई उच्च शिक्षाको लागि तयार पार्दछन् । समय र परिस्थितिसित समायोजन गर्दछन् । आफूलाई पायक पर्ने तथा सजिलो हुने शिक्षालयमा भर्ना हुन सक्छन्। अहिले अधिकांश विद्यार्थीले यही गरिरहेका छन् ।

अहिले उच्च शिक्षाको स्तर कमजोर भएको मानिन्छ । यसको मूलमा विद्यार्थीमा जसरी पनि पास गर्ने प्रवृत्ति हो। विद्यार्थी पढ्न चाहँदैन, जसरी पनि पास भने हुन खोज्छ। पढ्न नचाहेको वा पढ्ने वातावरण पाउन नसकेको फरक कुरा हो । धेरै वा अधिकांश विद्यार्थी यस्ता हुन्छन् जसको नाम त नियमित विद्यार्थीको रूपमा क्याम्पसको रजिस्टरमा हुन्छ तर वर्षमा एक दुई दिन पनि कक्षामा उपस्थित हुँदैनन्। कक्षामा उपस्थित नहुने तर नियमित विद्यार्थीको रूपमा परीक्षामा सहभागी हुने र जसरी पनि पास हुन खोज्ने प्रवृत्तिले क्याम्पसमा पठन संस्कृतिको अभाव देखिन थालेको छ । यसरी जसरी पनि पास हुने विद्यार्थीले प्रमाणपत्र त पाउँछन् तर त्यसमा गुणस्तर हुँदैन । गुणस्तर नहुँदा, व्यवहार त्यस अनुरूपको हुँदैन । अनि दोष शिक्षा प्रणालीलाई जान थाल्छ। दोष हुन थाल्छ क्याम्पस वा विश्वविद्यालयको । अनि यसको प्रतिक्रिया के हुन्छ भने जब कोही क्याम्पस पढ्न नआई पास हुन्छ भने अर्कोले कोही किन क्याम्पस जानुपर्‍यो ?

अहिले कक्षा बाह्र उत्तीर्ण हुने विद्यार्थीले उच्च शिक्षा पढ्नु छ। उच्च शिक्षाको लागि स्वदेशकै विश्वविद्यालय रोज्ने कि विदेशको भन्ने दुई बाटा छन्। स्वदेशमा पनि आफ्नो ठाउँ नजीकको कि शहर वा राजधानीको क्याम्पस रोज्ने भन्ने अवसर छ। आजभोलि विदेशका क्याम्पसमा पुगेर नेपाली विद्यार्थीले जति राम्रो गरिरहेका छन्, त्यसको तुलनामा स्वदेशको क्याम्पसमा गर्न नसकेको गुनासो सुनिन थालिएको छ । यो गुनासो नै होला, वास्तविकता नहोला । स्वदेशमा पढ्ने विद्यार्थीले अझ राम्रो गरोस् भन्ने चाहनाको अभिव्यक्ति पनि हुन सक्ला। तर यदि यसमा वास्तविकता छ भने विद्यार्थी, अध्यापक वा विश्वविद्यालय को बढी जिम्मेवार होला ? को बढी जिम्मेवार हुनुपर्ने हो ? अलिकति विचार पुर्‍याउनुपर्ने समय आइसकेको हो कि ? हुनत पन्छिनेहरूले यो पनि तर्क दिने गरेका छन् कि सक्षम र राम्रा विद्यार्थीहरूमध्ये अधिकांश, उच्च शिक्षाका लागि विदेश जाने मनोविज्ञान बनाउँछन् । सक्षम अभिभावकले आफ्ना सन्तानलाई स्वदेशभन्दा विदेशमैं पढ्न पठाउने गरेका छन्। मौका पाएसम्म विदेशमा अध्ययन गर्न पठाउने मनोविज्ञान निकै उच्च छ। अहिले विद्यार्थीहरू, जसले विदेश पढ्न पाउने वातावरण प्राप्त गर्छन्, आफूलाई सफल भएको महसूस गर्न थालेका छन्। यस तर्कको पछाडि सत्यता होला वा नहोला फरक कुरो हो, तर हामीले हाम्रो अवस्थामा सुधार गर्नुपर्छ भन्नेतर्फ पनि सङ्केत गरेको होइन र ?

उच्च शिक्षा पढेर पनि राम्रो अवसर छैन, देशमा रोजगारको अभाव छ भन्ने जस्ता आरोप पनि लाग्ने गरेको छ, तर यी आरोप मात्र हुन् जस्तो लाग्छ। देशमा अवसरै अवसर देख्नेहरू पनि छन् । अवसरको खोजी गर्न नसक्नेहरू, अवसर देख्न नसक्नेहरू, सजिलो अवसर प्राप्त गर्न चाहनेहरू तथा कठिनाईसित पलायन हुन खोज्नेहरूले देशमा अवसर देख्न नसकेका आरोपहरू रहेका छन् । अर्को पनि आरोप छ–अरूको लहैलहैमा लागेर पलायन हुने प्रवृत्ति। र, यो पनि देखिएको छ कि परदेशमा हुँदा निकै राम्रोसित परिश्रम गर्ने, यहाँ भने खासै परिश्रम नगर्ने प्रवृत्तिले पनि त्यस्ताले देशमा अवसर नदेखेको हो । देशमा अवसरको सिर्जना गर्न पनि जनशक्ति नै चाहिन्छ भन्ने कुराको ख्याल यहाँका बुद्धिजीवीले राख्नु पर्ने हो, जसको अहिले अभाव देखिएको छ ।

अहिले कक्षा बाह्र उत्तीर्ण गरेकाले उच्च शिक्षा पढ्ने सन्दर्भमा यदि देशमैं केही गर्ने मनसाय राख्ने हो भने कम्तीमा दुई कुरामा विचार पुर्‍याउनु उचित हुन्छ। देशमा कुन क्षेत्रमा जनशक्तिको आवश्यकता छ र आफ्नो उपयोगिता कुन क्षेत्रमा बढी हुन सक्छ ? पहिले त आफ्नो उपयोगिता नै देख्ने हो । आजभोलि शिक्षामा यस बहसले पनि प्राथमिकता पाउन थालेको छ कि पढेर मालिक बन्ने कि नोकर ? बढीभन्दा बढी नोकरी गर्न चाहन्छन् तर यही पढेलेखेका मानिसबाटै मालिक पनि बनिरहेका छन्। मालिक बन्ने कि नोकर भन्ने बहस सतहमा आएको पाइँदैन, तर यो बहसले बौद्धिक क्षेत्रलाई भने तताइरहेको यथार्थ हो । यसैले आफ्नो आवश्यकता वा उपयोगिता कुन क्षेत्रमा छ भनेर विद्यार्थीले सबैभन्दा बढी आफैंलाई चिनेको भएर छुट्याउन सजिलो हुन्छ। हो, सोच चाहिं धरातलीय हुनुपर्छ। र, सोच धरातलीय छ भने योजना पनि धरातलमैं बन्न सक्छ। धरातलमा योजना बनाएर योजनाबद्ध किसिमले अध्ययन गर्ने हो भने लक्ष्यमा पुग्न सकिन्छ । लक्ष्यमा पुग्नका लागि धेरै बाधा नआउन पनि सम्भव छ। यहींनेर यो विचारणीय हुन आउँछ कि देशमा कस्तो किसिमको जनशक्ति कुन क्षेत्रमा आवश्यक छ ? अझ भविष्यमा कुन क्षेत्रमा बढी जनशक्तिको आवश्यकता पर्ने देखिन्छ ? यस विषयमा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीले आफ्ना अभिभावक तथा अन्य जानकारसित सम्पर्क गर्न सक्छन्, राय सल्लाह लिन सक्छन्, परामर्श गर्न सक्छन् । गर्नु राम्रो यस अर्थमा पनि हो कि सबै कुरा आफैंलाई जानकारी नहुन सक्छ ।

यस्तै खाले निर्णय गर्नका लागि भर्खरै कक्षा बाह्रको नतीजा आएको छ। परीक्षा दिएपछिको खाली समयमा पनि विद्यार्थीहरूले विचार गरेको हुनुपर्छ, योजना बनाएको हुनुपर्छ। नभए अहिलेको समय अत्यन्त उपयुक्त रहेको छ। सम्भव भएसम्म आफूलाई बढीभन्दा बढी योग्य साबित गर्ने क्षेत्रको अध्ययन गरेको राम्रो। तर जहाँ भए पनि निकै परिश्रम गर्नु सबैभन्दा राम्रो हो । परिश्रम कहिल्यै खेर जाँदैन ।

# कक्षा १२ को ग्रेड वृद्धि परीक्षा असोज पहिलो साता

भक्तपुर, ३१ साउन/रासस

कक्षा १२ को ग्रेड वृद्धि परीक्षा आगामी असोज ६ र ७ गते सञ्चालन हुने भएको छ । परीक्षाको नतीजा ननग्रेडेड (एनजी) ल्याएका विद्यार्थीका लागि उक्त परीक्षा सञ्चालन हुन लागेको हो ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले कक्षा १२ को परीक्षाफलमा ननग्रेड अर्थात् एनजी ल्याउने विद्यार्थीका लागि मात्र ग्रेड वृद्धि परीक्षा गर्न लागिएको जानकारी दिए। विगतका वर्षमा दुईवटासम्म विषयमा एनजी आउँदा ती विषयमा मात्रै ग्रेड वृद्धि परीक्षा त्यही वर्ष दिन पाउने र दुईभन्दा बढी विषयमा एनजी आएमा अर्को वर्ष सबै विषयको परीक्षा दिनुपर्ने व्यवस्था थियो । यस वर्षदेखि उक्त व्यवस्था परिमार्जन गरी जतिवटा विषयमा एनजी आएको हो, त्यसको मात्र परीक्षा दिन पाउने व्यवस्था गरिएको उनले बताए ।

यस वर्षको नतीजा अनुसार एक लाख २३ हजार ३९६ जना ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने भएको अध्यक्ष शर्माले बताए । जसमध्ये एक विषयमा मात्र एनजी आउने ७९ हजार ५८४ विद्यार्थी रहेका छन् ।

लेटर ग्रेडिङ निर्देशिका अनुसार कुनै विषयमा ३५ प्रतिशत अङ्क पनि नल्याएमा ननग्रेड (एनजी) हुन्छन्। ग्रेडिङ प्रणालीमा पास–फेल छ भने पनि एनजी आएकाहरूले ग्रेड वृद्धि परीक्षामा सहभागी नभई उच्च शिक्षा अर्थात् माथिल्लो कक्षा अध्ययन गर्न पाउनेछैनन् ।

**नतीजा चित्त नबुझे पुनर्योग**

बोर्डले नतीजामा चित्त नबुझेमा १५ दिनभित्र प्रतिविषय रु पाँच सय तिरेर पुनर्योग गराउन सक्ने व्यवस्था गरेको अध्यक्ष शर्माले बताए । त्यसमा पनि चित्त नबुझे विद्यार्थीले उत्तरपुस्तिका हेर्न र पुनः परीक्षण गराउन सक्ने पनि व्यवस्था गरिएको छ ।

विद्यार्थीले उत्तरपुस्तिका पुनः परीक्षण गराउँदा पहिले परीक्षण गरेकाभन्दा नयाँ तीनजना परीक्षकबाट जाँच गराउने व्यवस्था गरेको छ । तीनजनाले दिएको नम्बरको औसत निकाल्दा आएको प्राप्ताङ्क पहिलेको भन्दा १० प्रतिशत कम वा बढी भएमा पहिलेकै अङ्क कायम हुनेछ तर १० प्रतिशतभन्दा कम वा बढी भएमा नयाँ अङ्क कायम हुने व्यवस्था गरेको छ ।

**४९ प्रतिशत विद्यार्थी अनुत्तीर्ण, अङ्ग्रेजीमा बढी कमजोर**

राष्ट्रिय परीक्षा बोर्ड सानोथिमीले मङ्गलवार सार्वजनिक गरेको कक्षा १२ को नतीजा अनुसार ४९ दशमलव ०९ प्रतिशत विद्यार्थी अनुत्तीर्ण भएका छन्। विद्यार्थी सबैभन्दा बढी अङ्ग्रेजी विषयमा कमजोर रहेका पाइएको छ ।

यस वर्ष गत वर्षभन्दा तीन प्रतिशतले नतीजामा सुधार आएको बोर्डका अध्यक्ष डा शर्माले जानकारी दिए । बोर्डका अनुसार परीक्षामा नियमिततर्फ तीन लाख ७२ हजार ६३७, आंशितर्फ ६० हजार ९५९, ग्रेड वृद्धितर्फ १४ हजार १३५ र २०७२/७३ को ग्रेड वृद्धितर्फ एक हजार १०६ जना गरी चार लाख ४८ हजार ८३७ जना सहभागी भएका थिए । जसमध्ये नियमिततर्फ एक लाख ८९ हजार ७११, आंशिकतर्फ १८ हजार ३०, ग्रेड वृद्धितर्फ छ हजार १४० र २०७२/७३ को ग्रेड वृद्धितर्फ ६५० जना ग्रेडेड प्राप्त अर्थात् उत्तीर्ण भएका छन् । ५१ जनाको विद्यार्थीको परीक्षा रद्द गरिएको छ भने थप पाँचजनाको परीक्षा रद्द गर्दै आगामी एक वर्षको कुनै पनि परीक्षामा सहभागी हुन नपाउने गरी बोर्डले कारबाई गरेको छ ।

यस वर्षको परीक्षामा छ हजार ९७६ अर्थात् १.८७ प्रतिशत विद्यार्थीले ३.६१ देखि चार जिपिए अर्थात् 'ए प्लस ग्रेड' ल्याएका छन् । २०७९ को परीक्षामा भने चार हजार १७९ अर्थात् १.१५ प्रतिशत विद्यार्थीले मात्रै 'ए प्लस ग्रेड' ल्याएका थिए । २०७९ मा भन्दा यस वर्ष दुई हजार ७९७ अर्थात् ०.७२ प्रतिशत बढी विद्यार्थीले उक्त जिपिए ल्याएका हुन् ।

यस वर्ष परीक्षा दिएका नियमिततर्फ तीन लाख ७२ हजार ६३७ परीक्षार्थीमध्ये छ हजार ९७६ विद्यार्थीले ३.६१ देखि चार जिपिए ल्याएका छन्। त्यस्तै, ३८ हजार ९९९ जना विद्यार्थीले ३.२१ देखि ३.६० जिपिए, ६९ हजार १७४ विद्यार्थीले २.८१ देखि ३.२० जिपिए, ६३ हजार ७७ विद्यार्थीले २.४० देखि २.८० जिपिए, ११ हजार ४३८ विद्यार्थीले २.१ देखि २.४० जिपिए र ४७ जना विद्यार्थीले १.६१ देखि दुई जिपिए ल्याएका छन् ।

ननग्रेडेड (एनजी) ल्याउने विद्यार्थीको सङ्ख्या गत वर्षको तुलनामा २.८१ प्रतिशतले कमी आएको बोर्डका अध्यक्ष डा शर्माले जानकारी दिए । गत वर्ष एक लाख ८८ हजार ४१० जना अर्थात् ५१.९० प्रतिशत विद्यार्थीले एनजी (अनुत्तीर्ण) ल्याएका थिए भने यस वर्ष ४९.०९ प्रतिशत विद्यार्थीले मात्रै एनजी ल्याएका छन् । गत वर्षभन्दा २.८१ प्रतिशतले एनजी ल्याउने अर्थात् अनुत्तीर्ण हुनेको सङ्ख्या घटेको उनले जानकारी

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# मनोसामाजिक परामर्शले फेरिएको दैनिकी

–तोलाकान्त बगाले

वालिङ, (स्याङ्जा) ३१ साउन/रासस

वालिङ–७ की २५ वर्षीया एक महिला दुई सन्तानकी आमा हुन्। उनका पति वैदेशिक रोजगारमा छन् । छोराछोरीको लालनपालन र घर सम्हाल्दै आएकी उनी र पतिबीच अकस्मात झैंझगडा हुन थाल्यो। घरमा अन्य कोही पनि नभएको र ससाना दुई छोराछोरीको स्याहार गर्दै बसेकी ती महिला र परिवारको खुशीका लागि विदेशी भूमिमा पसिना बगाइरहेका पतिबीच झैंझगडा बढ्दै जान थाल्यो। जसको असर साना छोराछोरीमा पनि पर्न थाल्यो । पतिले विदेशबाट पैसा पठाउन छाडे। घर खर्च चलाउन उनलाई धौधौ भयो।

परदेशमा रहेका पति र घर चलाउँदै आएकी ती महिलाबीच दैनिक झैंझगडा हुने, पतिले पैसा नपठाउँदा परिवारमा विचलन आयो । पछि उनी डिप्रेशनको रोगी बनिन्।

"जो हो सहारा दिने उसैको सहारा नपाएपछि जिन्दगी नै उजाड भएजस्तो लाग्न थाल्यो, जतिबेला नि पिर चिन्ताले सताउन थाल्यो, हुँदाहुँदै रोगी बनें"–उनले भनिन्–"मनोसामाजिक परामर्शकै कारण म अहिले निको हुँदै गएकी छु, जिउन सकिने धेरै बाटाहरू रै'छन् भन्ने साहस र हिम्मत पाएकी छु।"

औषधिभन्दा पनि मनोसामाजिक परामर्शकै कारण आफ्नो दैनिकी फेरिनुका साथै सहजता भएको अनुभव उनको छ। सुरक्षित आप्रवासन (सामी) कार्यक्रममार्फत मनोसामाजिक परामर्शकर्ताले घरमैं पुगेर मनोसामाजिक र वित्तीय साक्षरताबारे परामर्श दिएपछि सुधार हुँदै गएको महसूस उनले गरेकी छन् । "जब मनोसामाजिक परामर्श र वित्तीय साक्षरतासम्बन्धी ज्ञान पाएँ तब दैनिकी फेरिँदै जान थाल्यो, अहिले सहज हुँदै गएको छ"–उनले भनिन्–"अहिले घर परिवारमा खुशी छाएको छ।"

वित्तीय साक्षरताले सानोसानो भए पनि बचत गर्ने तरीका सिक्न पाएकोले मासिक पाँच हजार बचत गर्न थालेकी छन् । "मनोसामाजिक परामर्श तथा वित्तीय साक्षरताले जिन्दगीमा मोड ल्याएको छ"–उनले भनिन्–"अहिले दैनिक हिसाबकिताब कापीमा टिपेर राख्ने गरेकोले आम्दानी खर्च स्पष्ट हुन थालेको छ।"

पति विदेश गएपछि घर धानेर बसेकी पत्नीले राम्रा लुगा लगाएर हिंड्दासमेत समाजले फरक तरीकाले हेर्ने गरेको बताउँछिन्–वालिङ १३ की एक महिला। पतिले विदेशमा सकी नसकी दु:ख गरेको छ यहाँ चाहिं ऊ लुगा फेर्दै हिंडेकी छ भनेको सुन्नुपर्दा मन दुख्थ्यो। अझ समुदायकै केही केहीले त पतिलाई भए नभएका कुरा लगाइदिने गरेकाले पतिपत्नीबीच झगडासमेत हुने गरेको थियो।

"ससानो पैसा खर्च हुने तर विवरण नराखेकै कारण हिसाबकिताब सबै देखाउन सकिएन भने झैंझगडा हुन्थ्यो"–उनले भनिन्–"पैसा कमाउनेभन्दा पनि बचाउने अनि त्यसलाई लेखेर राख्ने गर्दा आम्दानी खर्च सबै स्पष्ट हुने भएकोले अहिले त्यसै गर्न थालेकी छु।" २१ हप्तासम्म वित्तीय साक्षरतासम्बन्धी तालीम लिएपछि सहज भएको छ । परिवारबीच झैंझगडा हुन छाडेको छ। वैदेशिक रोजगारीसम्बन्धी कुनै समस्या भएमा कहाँ जाने, के गर्ने भन्ने ज्ञानसमेत प्राप्त भएको उनले बताइन्।

पतिले विदेशमा दु:ख गरेर घरमा पैसा पठाउने तर घरमा त्यसको हिसाबकिताब देखाउन नसक्दा झैंझगडा हुने र परिवार नै दुर्घटनामा पर्ने गरेका प्रशस्तै उदाहरण हाम्रो समाजमा छ । परिवारमा झैंझगडा हुँदा पतिपत्नीबीच परापाचुके हुने र त्यसको प्रत्यक्ष असर बालबालिकाहरूमा पर्ने गरेको छ। तीन वर्षको अवधिमा ५८ जनालाई मनोसामाजिक परामर्श दिइएको छ । मनोसामाजिक परामर्शकर्ता विमला थापाले सामूहिक वा व्यक्तिगतरूपमा समस्याहरू बुझी सोही अनुसार परामर्शलाई निरन्तरता दिंदै आएका छन्। डिप्रेसन, पीर–चिन्ता, खान मन नलाग्ने, रुन मन लाग्ने, एकोहोरिने, निद्रा नलाग्ने जस्ता लक्षण देखिएका परिवार तथा व्यक्तिहरूलाई घर–घरमैं पुगेर मनो–सामाजिक परामर्श प्रदान गरेसँगै अहिले दैनिकी फेरिंदै गएको छ। "वैदेशिक रोजगारका कारण परिवार तथा परिवारका सदस्यमा देखिएको समस्याको पहिचान गरी परामर्श दिने गरिएको छ"–उनले भनिन्–"अहिले उहाँहरूमा व्यवहार परिवर्तन हुँदै गएको छ, समस्याको समाधान हुँदै जाँदा परिवारमा त्यसको सकारात्मक सन्देश जाने गरेको छ।"

विशेषगरी २५ देखि ५० वर्ष उमेर समूहका महिला, १४ देखि १८ वर्षका बालबालिकामा बढी असर परेको देखिएको छ। बालबालिकाहरू विद्यालय जान नमान्ने, धेरै डराउने, तर्सनेजस्ता असर देखिने गरेको छ । महिला तथा बालबालिकालाई छुट्टाछुट्टै खालको मनो–सामाजिक परामर्श दिने गरेको उनले बताइन्। प्राय:जसो वैदेशिक रोजगार र त्यसबाट उत्पन्न समस्याहरूका कारण परिवारका सदस्यहरू पीर–चिन्ता गर्ने, डिप्रेशनमा जाने गरेको देखिएको छ । समाजमा लाञ्छना, भेदभाव, परिवार व्यवस्थापन नहुनु, लैङ्गिक हिंसा, घरेलु हिंसालगायत समस्या छन् । "घरायसी झैंझगडाका कारण बालबालिकामा त्यसको प्रत्यक्ष असर परेको छ"–उनले भनिन्–"जसका कारण बालबालिकाको मनोबल कमजोर हुने, खान मन नगर्ने, एक्लोपन महसूस गर्ने, डराउने, समय समयमा तर्सनेजस्ता व्यवहार देखाउने गरेका छन्।"

व्यक्तिगत वा सामूहिक मनोसामाजिक परामर्शपश्चात् अहिले दैनिकी फेरिंदै गएको छ । मनोसामाजिक परामर्शको सकारात्मक प्रभाव परेको उनले बताइन्। वैदेशिक रोजगारमा गएका परिवारलाई लक्षित गरी वित्तीय साक्षरता एवं मनोसामाजिक परामर्श कक्षा सञ्चालन गरिएको छ । नगरभित्रका विभिन्न वडामा १२ वटा समूह बनाई सामूहिकरूपमा र आवश्यकता हेरी व्यक्तिगतरूपमा समेत मनो–सामाजिक परामर्श प्रदान गरिएको उनी बताउँछिन्।

श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई भिसा अवधिभर काम गर्ने सिलसिलामा मृत्यु भएको, अङ्गभङ्ग भएको, ठगिएको, बेपत्ता भएको, बिरामी भएकोलगायत घटनाहरूमा उजूरी गरेको खण्डमा वैदेशिक रोजगार बोर्डमार्फत आर्थिक सहायता र ठगी, बेपत्ताहरूको खोजी तथा उद्धारको कार्यका लागि आप्रवासी स्रोत उपकेन्द्रले पहल गर्दै आएको छ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत वालिङ नगरपालिकाले सञ्चालन गरेको छ। उपकेन्द्रमार्फत गत आर्थिक वर्षमा ४,७५२ जनालाई सूचना तथा परामर्श दिएको सूचना तथा परामर्शकर्ता कोपिल भुसालले बताए । यसमा ३,४९२ पुरूष र १,२६० जना महिला रहेका छन् । ४० वटा विभिन्न घटना तथा मुद्दाहरू परेकामा २६ वटाको समाधान भएको र १४ वटा बाँकी रहेको उनले बताए। बाँकी मुद्दाहरू छिट्टै समाधान गर्न पहल भएको कार्यालयले जनाएको छ।

वैदेशिक रोजगारमा गएको व्यक्तिको घर परिवारमा कुनै घातक रोग (मिर्गौला, मुटु, क्यान्सर, अल्जाइमरलगायत) लाग्दा पनि परिवारलाई आर्थिक उपचार सहायता प्राप्त हुने गरेको उनले बताए। आप्रवासी स्रोत उपकेन्द्र वालिङबाट स्याङ्जाका वालिङ, भीरकोट, चापाकोट, गल्याङ नगरपालिका र कालीगण्डकी गाउँपालिकासहित दक्षिण पर्वत र पाल्पाको रामपुरको केही भेगका मानिसले सेवा लिने गरेका छन् । उपकेन्द्रमार्फत रोजगारका सिलसिलामा विदेशमा मृत्यु भएको व्यक्तिको शव नेपाल ल्याउनका लागि पहलसहित आवश्यक समन्वय गर्दै आएको छ।

वैदेशिक रोजगारमा रहेका कामदारका परिवार तथा फर्केका कामदारको सञ्जाल निर्माण गर्ने, कार्यक्रम साझेदारहरूबीच समन्वय गर्ने, संयन्त्र निर्माण र समुदायसँग सहकार्यमा कामदारको समस्या समाधानका लागि सहजीकरण प्रणाली विकास गर्न विभिन्न कार्यहरू उपकेन्द्रमार्फत हुँदै आएको छ। सेवालाई दिगोरूपमा सञ्चालन गर्न प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक नीति, कार्यविधि, योजना तर्जुमा तथा कार्यान्वयनका लागि आवश्यक सहयोग पुऱ्याउने रहेको सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन २०७९ मा उल्लेख गरिएको छ।

वैदेशिक रोजगारमा गएका ठाउँका सीमान्तकृत समुदाय तथा विभिन्न पेशा र क्षेत्रका व्यक्तिहरूलाई लक्षित गरी समुदाय अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । वैदेशिक रोजगारमा जान चाहने व्यक्ति तथा तिनका परिवारलाई सूचना प्रदान गर्न वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूलाई रिटर्नी स्वयंसेवकको रूपमा परिचालन गर्न सकिने व्यवस्थासमेत रहेको छ। वालिङ नगरपालिकाका १४ वटै वडालाई समेट्नेगरी वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूको रिटर्नी सञ्जाल गठन गरिएको छ। जीतबहादुर नेपाली संयोजक रहनेगरी १५ सदस्यीय सञ्जाल गठन गरिएको हो।

वैदेशिक रोजगारमा गएकाहरूको अवस्थाबारे जानकारी लिने र कुनै समस्या आइपरेमा उद्धारका लागि सहयोग गर्ने सञ्जालका संयोजक नेपालीले बताए । कस्तो कम्पनीमा जाने, कसरी जाने, समस्या पर्दा कहाँ सम्पर्क गर्ने, श्रम स्वीकृति लिएर मात्रै जानुपर्ने लगायत विषयमा परामर्श दिंदै आएको उनले बताए। समय–समयमा टोलटोलमा पुगेर सञ्जालले वैदेशिक रोजगारमा गएकाको परिवारलाई आवश्यक सल्लाह, सुझाव तथा परामर्श दिने गरेको छ।



**बाउसे झरना :** बेनी–जोमसोम सडक अन्तर्गत म्याग्दीको रघुगङ्गा गाउँपालिका–३ चमेरेबाट देखिने पर्वतको जलजला गाउँपालिका–१ बाँसखर्कको फेदीबाट खस्ने बाउसे झरना। बाउसे झरना बेनी–जोमसोम सडकमा यात्रा गर्ने पर्यटकका लागि आकर्षण बनेको छ। तस्बिर : रासस

## फरक समाचार

### के हो हाइपरसोम्निया

मान्छेलाई पर्याप्त निद्रा चाहिन्छ र चिकित्सकले पनि आठ घण्टा सुत्नुपर्ने सुझाव दिन्छन्। पर्याप्त निद्रा नपाए शरीरमा सुस्ती हुन्छ। तर यदि रातभरि राम्ररी निदाउँदा पनि दिउँसो निद्रा लाग्छ भने यो हाइपरसोम्निया हुन सक्छ । डा वन्दना मिश्रा विभागाध्यक्ष एवं वरिष्ठ सल्लाहकार विभाग–पल्मोनोलोजी सनर हस्पिटलका अनुसार हाइपरसोम्निया भएका व्यक्तिलाई हलुका निद्रा आउन सक्छ। जसमा उनीहरू कम समयको लागि निदाउँछन् तर उनीहरूलाई थाहा हुँदैन। क्षणिक निद्राको समयमा उनीहरू गहिरो निद्रामा पनि पुग्छन्।



औषधिको प्रभाव वा अनुवांशिक प्रवृत्ति, नारकोलेप्सी वा स्लिप एपेने यसको कारण हुन सक्छ। चिकित्सकको अनुसार हाइपरसोम्निया फोक्सोको बिमारी वा दिमागसम्बन्धी केही समस्याको कारण हुन सक्छ। चिकित्सकले हाइपरसोम्नियाको पछाडि कुनै विशिष्ट कारण हुन नसक्ने बताएका छन्।

हाइपरसोम्निया पत्ता लगाउन चिकित्सकले निद्राको चक्र ट्र्याक गर्ने, कुनै औषधिको प्रभाव, हातमा बाँध्ने सेन्सर घडी आदिबाट पत्ता लगाउने गर्छन्। हाइपरसोम्नियाको उपचार त्यसको उत्पत्तिमाथि निर्भर गर्छ। रोगीको सूक्ष्म निगरानी र व्यापक जाँचपछि चिकित्सकले नन सर्जिकल उपचार लेख्छन्। चिकित्सकको निर्देश अनुसार रोगीले स्वस्थ जीवनशैली अपनाउनुपर्छ। धूमपान, मद्यपान, बढी कैफिन सेवन, राति व्यायाम नगर्ने, मोटोपन कम गर्ने आदि कुरामा ध्यान दिंदा यसको उपचार गर्न सकिन्छ। हाइपरसोम्नियाले सामाजिक जीवनमाथि असर पारेपछि विशेषज्ञको परामर्श लिनुपर्छ।

### ब्याट्री र इन्भर्टर कसरी सही राख्ने

लोडसेडिङको कारण अहिले घरघरमा इन्भर्टर राखिएको छ । घरको विद्युतीय सामानको समय–समयमा मरम्मत गर्नुपर्छ। यसो नगर्दा त्यसको आयु धेरै दिनसम्म हुँदैन। त्यसैमध्ये एउटा इन्भर्टर पनि हो । इन्भर्टरको समय–समयमा हेरचाह गरिएन भने चाँडै ब्याट्री बिग्रिन्छ।



ब्याट्रीलाई पुनः चार्ज गर्नुभन्दा पहिले त्यसलाई पूर्णरूपमा डिस्चार्ज गर्नुहुँदैन। यसबाट ब्याट्रीको कार्यक्षमतामा ऱ्हास आउँछ । ब्याट्रीको चार्जिङ र डिस्चार्जिङ प्रक्रियाबीच सही समय मैनेजमेन्ट गर्नुपर्छ । उदाहरणस्वरूप तपाईंसँग १२ भोल्टको ट्युबलर वेट ब्याट्री छ र यसको लोवर कट अफ भोल्टेज १०.५ भोल्टको छ र यदि तपाईं ब्याट्री भोल्टेजलाई १०.५ भोल्टसम्म पुगुन्जेल पूरा चार्ज खर्च गर्नु हुन्छ, केही समयपछि तपाईंको ब्याट्री पूर्णरूपले चार्ज हुन कठिन हुनेछ र यसले आफ्नो ठाउँमा आउनको लागि बढी बिजुली खपत गर्नेछ।

यसबाट के हुन्छ भने तपाईंको ब्याट्रीले चार्ज बनाइराख्ने क्षमता गुमाउँछ र ब्याट्रीको लाइफ कम हुन्छ र चार्ज हुनमा बढी बिजुली पनि बर्बाद हुन्छ। यसको अलावा ब्याट्रीमा पानी रिफलिङको कुरा गर्दा धेरैजसोलाई यो थाहा हुँदैन कि इन्भर्टर ब्याट्रीमा कति दिनमा पानी रिफिल गर्नुपर्छ।

समय–समयमा ब्याट्रीको पानी हेर्नुपर्छ। र यो पनि सल्लाह दिइएको छ कि हरेक ४५ दिनमा इन्भर्टर ब्याट्रीको वाटर लेभल चेक गर्ने र सुनिश्चित गर्नुपर्छ कि पानी न्यूनतम लेभलभन्दा कम नहोस्। यद्यपि सामान्य प्रयोगमा इन्भर्टर ब्याट्रीको पानी चार–पाँच महीनामा कम हुन थाल्छ र जब बिन्दुभन्दा कम हुन्छ भने पानी रिफिल गर्नुपर्छ।

### समुद्रमा भेटियो २० हात भएको जीव

वैज्ञानिकले पानीमा बस्ने एउटा जीव भेटाएका छन्, जसको २० वटा हात छ। अनौठो देखिने यो जीवको खोज अस्ट्रेलिया र अमेरिकाका वैज्ञानिकको टीमले गरेको हो। यसलाई अन्टार्कटिक स्ट्रबेरी पङ्ख भनिन्छ किनभने यसको



आकार स्ट्रबेरीजस्तो छ। यो खैरो–रातो देखिन्छ। यो खोज इनवर्टेब्रेट सिस्टमैटिक्समा प्रकाशित भएको छ। सन् २००८ देखि २०१७ को बीच अन्टार्कटिक महासागरको यात्रा गर्ने क्रममा शोधकर्ताले यो जीव खोजेका हुन्। यसलाई प्रोमैक्रोक्रिनस प्रजाति भनिन्छ। वैज्ञानिकले यसको सातवटा नयाँ प्रजाति खोजेका छन्।

यस जीवबारे शोधकर्ताले भनेका छन्, यो यस्तो जीव हो जुन ६५ मिटरको गहिराइदेखि ११७० मिटरको गहिराइसम्म पाइन्छ। गहिरो पानीमा बस्ने यो जीव एलियनजस्तो देखिन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## हवाई टापुको डढेलोमा ज्यान गुमाउनेको सङ्ख्या एक सयमाथि

लहाइना, ३१ साउन/एपी

हवाई टापुको माउई जङ्गलमा लागेको व्यापक क्षति भएको छ भने भवनहरू ध्वस्त भएका छन्, अस्पतालहरू



आगलागीमा ध्वस्त हवाई राज्यको लहाइना शहर । तस्वीरः सिहनवा

डढेलो बस्तीसम्म फैलिंदा १०६ जनाको मृत्यु भएको छ भने कैयौं घाइते भएका छन् । हवाईका गभर्नर जोस ग्रीनले मृतकको सङ्ख्या दोब्बर वा तेब्बरले बढ्न सक्ने बताएका छन् ।

अघिल्लो मङ्गलवार वनबाट सल्केको डढेलोले लहाइनाका झन्डै १३ हजार घरमा क्षति भएको छ । बितेका एक सय वर्षमा यति भीषण एवं भयावह अवस्था अमेरिकी जनताले गर्नुपरेको थिएन । विपत्तिको चेतावनी दिने 'इमर्जेन्सी साइरन' नबज्दा जनधनको व्यापक क्षति भएको जनसाधारण क्रुद्ध भएका छन् । अस्थायी मुर्दाघर वरपर मृतकका अस्थिपञ्जरको सङ्कलन जारी छ ।

आगोले खरानी नपारेका भग्नावशेषमा मृतकको खोजी जारी छ। हरेक दिन १० देखि २० जनाको डढेको शरीर फेला पर्दैछ, त्यसैले मृतकको सङ्ख्या दुई सयभन्दा बढी हुन सक्ने अनुमान गरिएको खोजमा संलग्न एकजना अधिकारीले बताएका छन् ।

१२ हजार हवाईवासीको लहाइनामा आगोले सखाप नपारेको कुनै स्थान छैन। नगरको मध्यभागमा रहेको १५० वर्ष पुरानो वरको रूख डढेर कालो भएको छ भने सडक किनारमा लगाइएका अग्ला रूखका फल पनि डढेका छन् ।

डढेलोले हवाईका ग्रामीण क्षेत्रमा भत्किएका छन् र सयौं विस्थापित भएका छन् । अधिकारीहरूले दुई हजार दुई सयभन्दा बढी भौतिक संरचना नष्ट भएका तथा पाँच अर्ब ५० करोडभन्दा अधिकको धनमाल नोक्सानी भएको बताएका छन् ।

लहाइनाका घर, पसल र व्यवसायको नामोनिसान छैन, सडक किनारमा राखिएका मोटरकार फलामका पातामा परिणत भएका छन्, टेलिफोनका खम्बा डढेर काला भएका छन्, पैदलयात्री मार्गको खरानी पन्छाउँदै हिंड्नुपर्ने अवस्था छ, सबैतिर अग्निको विनाश नै विनाश मात्र देखिन्छ । डढेका पशुको दुर्गन्धले नाक छोप्दै सफाइ गर्नुपरेको छ । हवाई टापु शोकमा डुबेको छ ।

आगलागीबाट भएको क्षतिको पूर्ण विवरण सङ्कलन बाँकी छ। क्षति मूल्याङ्कन निकायका अधिकारीले परिस्थिति सहज हुने बित्तिकै क्षतिको मूल्याङ्कन गरिने बताएका छन्। आगलागी भएको स्थानको सरसफाइमा वारुणयन्त्रका कर्मचारीले पनि साथ दिइरहेका छन्। केही स्थानमा क्षतिको आकलन पनि थालिएको छ ।

गभर्नर ग्रीन नेतृत्वको टोली आज पनि आगलागी भएको स्थानमा पुगेको छ । सरसफाइका लागि जुटेकाहरूले तालीमप्राप्त कुकुरको सहायताले भग्नावशेषमा शवको पनि खोजी गरिरहेका छन् ।

प्रचण्ड गर्मीमा ठूलो विपत्ति बनेर आउने वन डढेलो टापु राज्य हवाईका निम्ति अभिशाप बनेको छ । दशकौंमा हुने यो प्राकृतिक विपत्तिमा सुनामीमा भन्दा धेरैले ज्यान गुमाएका छन् । सन् १९६० को सुनामीमा ६१ जनाको मृत्यु भएको थियो भने त्यसको १४ वर्षअघिको सुनामीमा भने १६० जनाले ज्यान गुमाएका थिए ।

त्यसपछि आपत्कालको सूचना दिन शहरबजारमा साइरन जडान गर्न थालियो तर यसपटक वनबाट फैलिएको आगोले माउईलाई जलाउँदा ती साइरन किन बजेनन् भन्ने प्रश्नको उत्तर हवाईका जनताले खोजिरहेका छन्

आगोमा ज्यान गुमाएकाहरूको डिएनए परीक्षण गरी परिवारलाई बुझाउन चुनौतीपूर्ण बनेको छ । चिकित्सकहरूले मासुको टुक्रा परीक्षणका निम्ति उठाउँदा त्यो खसेर अर्को निकाल्नुपर्ने दारुण स्थिति उत्पन्न भएको छ । द्रुतगतिमा डिएनए परीक्षण गर्न गभर्नर ग्रीनले निर्देशन दिएका छन् । हराएका ४१ जनाको खोजीका क्रममा उनीहरूका आफन्तको डिएनए नमूना सङ्कलन गरिएको छ ।

सिबिएस टेलिभिजनलाई मङ्गलवार दिएको अन्तर्वार्तामा गभर्नर ग्रीनले खोजी तथा सरसफाइ पूरा गर्न कम्तीमा १० दिन लाग्ने बताउँदै दैनिक १० देखि २० जना मृतक भेटिएका जानकारी दिएका छन्। १० दिनमा नै काम पूरा हुन्छ भन्न सक्ने अवस्था नभएको उनले स्पष्ट गरेका छन्।

गभर्नर ग्रीनका अनुसार दर्जनौं स्वयंसेवक एवं कर्मचारीका साथै २० वटा तालीमप्राप्त कुकुरको सहायतामा खोजीलाई तीव्र गतिमा अघि बढाइएको छ । हराएका मानिसको सङ्ख्या दुई हजारको हाराहारीमा रहेकामा मोबाइल सेवा पुनः शुरू भएसँगै त्यो सङ्ख्या एक हजार तीन सयमा घटेको जानकारी उनले दिएका छन् ।

आगलागीबाट भएको वास्तविक क्षतिको विवरण सङ्कलन गर्न अरू केही समय लाग्ने गभर्नर ग्रीनले बताएका छन्। पुनर्निर्माणका काम थाल्न समय लाग्ने तथा त्यो वर्षौंसम्म जारी रहने बताइएको छ । रासस

## संयुक्त राष्ट्रसङ्घद्वारा कोलम्बिया हिंसाको निन्दा

बोगोटा, ३१/एएफपी

संयुक्त राष्ट्रसङ्घले कोलम्बियामा नाटकीय ढङ्गले हिंसात्मक घटना बढेकोमा त्यसको निन्दा गरेको छ ।

कोलम्बियामा यो वर्षको पहिलो छ महीनामा ५० भन्दा बढी नरसंहारका घटना भएका छन् । सरकार र सशस्त्र समूहबीच युद्धविरामका बावजूद ११ प्रतिशतले हिंसा बढेको राष्ट्रसङ्घले जनाएको छ ।

मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तका प्रतिनिधि जुलिएट डे रिवेरोले बढ्दो हिंसाप्रति दुःख व्यक्त गरेकी छन् । बोगोटामा मानवीय अवस्थासम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै उनले सुरक्षा बलमाथि भएका अन्धाधुन्ध आक्रमण, गैर–राज्य र सशस्त्र समूह तथा आपराधिक सङ्गठनका नरसंहारका घटनाले सबैलाई चिन्तित तुल्याएको बताइन् ।

गत वर्षको अन्त्यमा राष्ट्रपति गुस्ताभो पेट्रोले देशका पाँच प्रमुख सशस्त्र समूहसँग द्विपक्षीय युद्धविराम घोषणा गरेका थिए तर त्यसको पूर्ण पालना नहुँदा अमूल्य मानव जीवन अतिवादी समूहको आक्रमणमा नाश भइरहेको छ।

बितेको छ महीनामा नरसंहारका घटनामा १९ जना बालबालिकाका साथै १६८ जना मारिएका छन् । रासस

## लिबियामा द्विपक्षीय झडप, २७ जनाको मृत्यु

त्रिपोली, ३१ साउन/एएफपी

लिबियाको राजधानी त्रिपोलीमा दुई प्रमुख सशस्त्र समूहबीच भएको झडपमा २७ जनाको मृत्यु भएको छ । त्रिपोलीस्थित आपत्कालीन चिकित्सा केन्द्रका अनुसार झडपमा परी १०० भन्दा बढी घाइते भएका छन् । सन् २०११ कर्णेल मौमर गद्दाफीलाई अपदस्थ गरेपछि सत्ताका लागि सङ्घर्षरत प्रभावशाली ४४४ ब्रिगेड र अल–रदाबीच झडप सोमवार राति शुरू भएको हो । दुवै पक्षबीच द्वन्द्व अझै जारी रहेको प्रत्यक्षदर्शीले बताएका छन्।

झडपमा ज्यान गुमाउने दुवै समूहका कार्यकर्ता हुन् वा सर्वसाधारण नागरिक पनि थिए भन्ने कुरा स्पष्ट भएको छैन। मृतक एवं घाइतेको अवस्था पनि केन्द्रले खुलाएको छैन ।

त्रिपोलीलाई आधार बनाएर मानवीय सहयोगका काम गरिरहेको रेडक्रिसेन्ट सोसाइटीले पनि एएफपीलाई कुनै सूचना दिन अस्वीकार गरेको छ। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## सन् २०२६ सम्ममा दादुरा निवारणका लागि खोप ल्याउन गाभीलाई पत्र

काठमाडौं, ३१ साउन/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सबै जिल्लामा यसै आर्थिक वर्षमा दादुरा–रूबेला रोगविरुद्धको खोप अभियान सञ्चालन गर्ने तयारी गरेको छ। दादुरा रोगलाई सन् २०२६ सम्ममा निवारण गर्ने लक्ष्यका साथ मन्त्रालयले यसै आर्थिक वर्षभित्र देशभरिका बालबालिकालाई दादुरा र रुबेलाविरुद्धको खोप लगाउन अभियान सञ्चालनको तयारी गरेको हो।

खोप अभियानका लागि स्वास्थ्य सेवा विभाग अन्तर्गतको बालस्वास्थ्य तथा खोप शाखाले 'खोपका लागि ग्लोबल एलायन्स 'गाभी' लाई गत साउन २ गते औपचारिकरूपमा पत्र पठाइ दादुरा–रुबेलाविरुद्धको खोप माग गरेको छ । खोप शाखा प्रमुख डा अभियान गौतमले अभियानका लागि गाभीसँग ९७ लाख मात्रा खोप माग गरिएको जानकारी दिए।

"हाम्रो पत्रलाई गाभीले सकारात्मकरूपमा लिएको छ," उनले भने, "गाभीबाट खोप आएपछि देशभरि नै खोप अभियान सञ्चालन गर्छौं।" उनका अनुसार खोप नौ महीनादेखि पाँच वर्ष उमेर समूह र उच्च जोखिमका जिल्लामा १५ वर्षमुनिका बालबालिकालाई प्रदान गरिनेछ ।

भारतसँग सिमाना जोडिएका २१ र उपत्यकाका तीन जिल्ला काठमाडौं, ललितपुर र भक्तपुरलाई उच्च सङ्क्रमित जिल्लाको रूपमा लिइएको छ। परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले देशभरि नै खोप सञ्चालन गर्नका लागि नेपालमा रहेको साधनस्रोत अभाव हुने भएकोले गाभीलाई खोपका लागि आग्रह गरिएको जानकारी दिए । "देशभरि नै बालबालिकालाई खोप लगाउन हामीसँग भएको स्रोतसाधनले पुग्दैन," उनले भने, "खोप उपलब्ध गराउनका लागि हामीले सरकारका तर्फबाट गाभीलाई औपचारिक पत्र पठाइसकेका छौं । हाम्रो प्रस्तावमाथि छलफल भएर खोप स्वीकृत हुनका लागि पाँच/छ महीना लाग्छ र त्यसको एक/दुई महीनामा खोप नेपाल आउन सक्छ । आर्थिक वर्षको अन्त्यसम्ममा खोप लगाउन सक्छौं कि भन्ने हामीलाई लागेको छ।"

निर्देशक लालले अन्य रोगजस्तो दादुरा नभएकोले चार/पाँच वर्षबीचको अन्तरमा देशभरि नै अभियान सञ्चालन गर्नुपर्ने बताए । देशभरि नै जोखिममा रहेका १६ जिल्लामा अरू खोप ८०–८५ प्रतिशत बालबालिकालाई लगाइयो भने अन्य १०–१५ प्रतिशत बालबालिका पनि सुरक्षित हुन्छन् भन्ने छ," उनले भने, "तर दादुरा खोप कमसेकम ९५ प्रतिशत बालबालिकालाई लगाउनुपर्छ ।"

नेपालको जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण–२०२२ अनुसार ८० प्रतिशत बालबालिकाले दादुरा–रुबेलाविरुद्धको खोप लगाएका छन् । सरकारले पहिलोपटक सन् २०१९ मा र त्यसपछि सन् २०२३ मा दादुरा निवारण गर्ने लक्ष्य लिएको थियो तर कोभिड–१९ महामारीका कारण २०२३ मा निवारण गर्न नसक्ने जनाएपछि सन् २०२६ सम्म निवारण गर्ने लक्ष्य लिएको छ ।

शाखाका प्रमुख डा गौतमले सन् २०२६ सम्ममा दादुरा निवारण गर्ने लक्ष्यका साथ यसै आर्थिक वर्षमा देशभरि नै खोप अभियान सञ्चालन गर्न थालिएको बताए ।

गाभीबाट प्राप्त भएको खोप बालबालिकालाई दुई मात्रा लगाइनेछ । दादुरा रोगबाट बच्ने एकमात्र उपाय दादुराविरुद्धको खोप लिनु नै हो । त्यसैले यो रोगबाट बचाउन नियमित खोपमार्फत सरकारले नौ र १५ महीनाको उमेर समूहका बालबालिकालाई सरकारले निश्शुल्क दादुरा खोप दुई मात्रा प्रदान गर्दै आइरहेको छ ।

दादुरा निकै छिटो सर्ने सरुवा रोग हो। यो रोग सामान्यतया पाँच वर्षमुनिका बालबालिकालाई धेरै लाग्छ र त्यसले छिट्टै महामारीको रूप पनि लिन सक्छ ।

दादुरा रोग लाग्यो भने यसका जटिलता जस्तै निमोनिया, झाडापखाला, जलवियोजन र कुपोषणको कारणले बिरामीको मृत्युसमेत हुन सक्छ । दादुराको भाइरस मानिसबाट मानिसमा मात्र सर्छ। यो भाइरस सङ्क्रमण भएको व्यक्तिको नाक तथा घाँटीमा असर गरेर वृद्धि हुने र श्वासनली एवं अरू भित्री अङ्गमा समेत सङ्क्रमण गर्छ । दादुरा रोग सङ्क्रमण भएको (रोग लागेको) व्यक्तिले खोक्दा र हाच्छिउँ गर्दा निस्कने छिटा एक व्यक्तिबाट अर्को व्यक्तिमा हावाको माध्यमबाट सर्छ ।

## काठमाडौं–तराई द्रुतमार्गको डिपिआर संशोधन

काठमाडौं, ३१ साउन/रासस

काठमाडौं तराई–मधेस द्रुतमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) संशोधन गरिएको छ । लागत समय र लागत मूल्य घट्नेगरी द्रुतमार्गको प्रतिवेदन संशोधन गरिएको भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले जानकारी दिए ।

मङ्गलवार बसेको मन्त्रिपरिषद्को बैठकले काठमाडौं–तराई–मधेस द्रुतमार्गको डिपिआर संशोधन गर्ने निर्णय गरेको हो।

झन्डै रु दुई अर्ब दुई करोड लाग्ने र निर्माणको समय पनि घट्नेगरी द्रुतमार्गको डिपिआर संशोधन भएको मन्त्री ज्वालाले बताए। उनले भने–"सुरुङ मार्ग थपिंदा सडकको लम्बाइ र मूल्य दुवै घट्यो ।"

काठमाडौं–मधेस 'लाइफ लाइन' का रूपमा रहेको द्रुतमार्ग नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको छ । विसं २०७४ वैशाख २१ देखि निर्माण शुरू भएको काठमाडौं–तराई–मधेस द्रुतमार्ग हालसम्म २५.५४ प्रतिशत मात्र प्रगति भएको र विसं २०८३ साल चैत मसान्तसम्म सक्ने लक्ष्य लिइएको छ । द्रुतमार्गको प्रगति कमजोर देखिएपछि मन्त्री ज्वालाले नेपाली सेनासँग असन्तुष्टि जनाए ।

द्रुतमार्गको काम द्रुतगतिमा हुनुपर्ने भए पनि प्रगति हेर्दा आशावादी नभएको नेपाली सेनाका अधिकारीलाई मन्त्री ज्वालाले बताएका थिए ।

प्रतिवेदन संशोधन भएपछि लागत मूल्य पनि घट्ने भएको छ । रु दुई खर्ब १३ अर्ब नौ करोड ५३ लाखको लागत रहेकोमा संशोधनपछि रु दुई खर्ब ११ अर्ब नौ करोड ३० लाख आयोजनाको लागत रहने भएको छ ।

## छुट्टाछुट्टै घटनामा दुईजनाको मृत्यु

मनहरि (मकवानपुर), ३१ साउन/रासस

मकवानपुरमा छुट्टाछुट्टै घटनामा दुईजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा एक महिला र एक पुरुष रहेका छन् ।

जिल्लाको धियालमा ढुङ्गाले थिच्दा एक महिलाको मृत्यु भएको छ । मकवानपुर र बाराको सिमानामा अवस्थित बकैया गाउँपालिका–१ धियालको विजय डाँडाकी ५१ वर्षीया रूपामाया लोको ढुङ्गाले थिचेर ज्यान गएको हो ।

मकवानपुरका प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीका अनुसार मङ्गलवार गाईभैंसी चराउन गएकी उनी बसेको ढुङ्गा पल्टिएर त्यसले थिच्दा ज्यान गएको हो । इलाका प्रहरी कार्यालय, निजगढको टोली आज घटनास्थलमा पुगेको उनले बताए ।

यस्तै, मकवानपुरको इन्द्रसरोवर गाउँपालिका–३ चित्रेघारीमा भीरबाट लडेर स्थानीय ५३ वर्षीय विनोदकुमार बमजनको मृत्यु भएको छ। घरनजीकैको जङ्गलमा घाँस काट्न गएका उनी मङ्गलवार चिप्लिएर भीरबाट खसेका थिए । गम्भीर घाइते बमजनलाई उपचारका लागि फर्पिङस्थित मनमोहन अस्पताल लैजाँदै गर्दा बाटोमैं मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## घूससहित दुईजना कर्मचारी अख्तियारको नियन्त्रणमा

काठमाडौं, ३१ साउन/रासस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले सप्तरीको विष्णुपुर गाउँपालिकाका दुईजना कर्मचारीलाई घूससहित पक्राउ गरेको छ ।

गाउँपालिकाका 'एमआइएस अपरेटर' वीरेन्द्रकुमार यादवलाई रु दुई लाख नगद र लेखापाल टेकनारायण यादवलाई रु तीन लाखको चेकसहित अख्तियारको इटहरी कार्यालयबाट खटिएको टोलीले राजविराज नगरपालिका वडा नं ३ बाट पक्राउ गरेको प्रवक्ता भोला दाहालले जानकारी दिए ।

दुवै कर्मचारीलाई सोलार बत्तीको जडानलगायत योजनाको भुक्तानी गरेबापत सेवाग्राहीसँग घूस लिएको अवस्थामा पक्राउ गरिएको उनले बताए।

दुवै कर्मचारीलाई आयोगले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनखति | वृष – भाग्योदय |
| मिथुन – खर्चवृद्धि | कर्कट – मनोरञ्जन |
| सिंह – कर्मप्राप्ति | कन्या – राज्यलाभ |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – कडापरिश्रम | मकर – कार्यनाश |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### हिमालमा ...

हिमालमा ...

अनुसार नेपालमा हाल वार्षिक चार हजार ८३५ मेट्रिक टन जडीबुटी उत्पादन हुँदै आएको छ । यस्तै, विभागले सतुवा, लौठसल्ला, अतिसलगायत ३० प्रजातिका जडीबुटीलाई अध्ययन, अनुसन्धान र खेती विस्तार गराउँदै आएको छ ।

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### कक्षा १२ ...

दिए ।

**अङ्ग्रेजीमा विद्यार्थी बढी कमजोर**

बार्डले सार्वजनिक गरेको कक्षा १२ को नतीजा अनुसार अङ्ग्रेजी विषयमा विद्यार्थी सबैभन्दा कमजोर रहेका देखिएको छ। सार्वजनिक भएको नतीजा अनुसार अङ्ग्रेजी विषयमा सबैभन्दा बढी विद्यार्थीको एनजी आएको छ। सबैभन्दा धेरै अङ्ग्रेजीमा एक लाख नौ हजार ५२७ जना ननग्रेड भएका छन्। दोस्रोमा लेखा विषयमा ५२ हजार ७३ तथा सामाजिक अध्ययनमा ५१ हजार १०४ जनाको ननग्रेड आएको छ। सबै विषयमा ३५ प्रतिशत अङ्क ल्याए मात्र ग्रेडेड वा उत्तीर्ण हुने व्यवस्था छ ।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०८०/८१

# पर्सागढीमा ८६ जनामा मोतियाबिन्दु भेटियो



तस्वीरः प्रतीक

बलिराम शुक्ला, बिरुवागुठी, ३१ साउन/

पर्सागढी नगरपालिका-१ मनवा बजारमा बुधवार निश्शुल्क आँखा चेकजाँच शिविर सम्पन्न भएको छ ।

पर्सागढी नपाको आयोजना, अभियान डिजिटल वर्ल्ड प्रालिको सहयोग र वीरगंज सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा आयोजना गरिएको शिविरमा २०४ जनाले चेकजाँच गराएका थिए । सोमध्ये ८६ जनामा मोतीबिन्दु भेटिएको र उनीहरूको निश्शुल्क शल्यक्रिया गरिने आँखा रोग विशेषज्ञ महेशसिंह धामीले बताए ।

नगरप्रमुख गोकर्ण पाठकले ग्रामीण भेगमा मोतीबिन्दुका रोगीहरू बढिरहेको र उनीहरू उपचारका लागि वीरगंज नजाने गरेकाले शिविरको आयोजना गरिएको बताए । उनले आँखासम्बन्धी जटिल रोग लागेकाहरूको निश्शुल्क शल्यक्रिया गरिने बताए । अत्यधिक गर्मीका कारण अहिले आँखा पाक्ने रोग देखिएकाले आँखा चेकजाँच गराउन उनले सुझाव दिए ।

शिविरमा मेडिकल संयोजक डा नयन यादव, शिविर संयोजक प्रेम घिमिरे, वडा नं १ का अध्यक्ष राजकपूर खवासलगायतको सहभागिता थियो ।

# खेलकूदको संसार

## उपप्रधानमन्त्री श्रेष्ठद्वारा तेक्वान्दो टोलीलाई शुभकामना

काठमाडौं, ३१ साउन/रासस

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले वर्ल्ड तेक्वान्दो प्रतियोगितामा भाग लिन जाने नेपाली खेलाडीलाई सफलताको शुभकामना दिएका छन् ।

आज गृह मन्त्रालयमा आयोजित कार्यक्रममा उनले आगामी भदौ १ देखि १० गतेसम्म काजकिस्तानको अस्तानामा हुने प्रतियोगितामा सहभागी हुने नेपाली खेलाडीलाई शुभकामना दिएका हुन् ।

उक्त प्रतियोगितामा विभिन्न तौल समूहमा चार खेलाडी सहभागी हुँदैछन् । ९३ देशका नौ सय बढी खेलाडी उक्त प्रतियोगितामा सहभागी हुने बताइएको छ ।

प्रतियोगितामा रुविका खड्का (तौल समूह ४७), सुस्मिता थापा (५२), पुकार केसी (६४) र अजय बुढामगर (तौल समूह ७०)मा सहभागी हुँदैछन् । नेपाली टोलीमा अम्पायर अञ्जन धमला, कोच रूपसिंह मोक्तान तथा अफिसियल धनबहादरर थापा र विक्रम बुढामगर सहभागी हुने बताइएको छ ।

सो अवसरमा उपप्रधानमन्त्री श्रेष्ठले खेलाडी राष्ट्रको गौरव भएको र खेलकूद क्षेत्रले राष्ट्रिय एकताको सन्देश दिने बताए । सरकारले आवश्यक नीति र योजना बनाएर खेल क्षेत्रलाई विशेष प्राथमिकता दिने उनको भनाइ छ ।

# बैंक तथा वित्तीय संस्थापीडितहरूको मनवामा भेला

प्रस, परवानीपुर, ३१ साउन/

पर्साको ग्रामीण भेगको मनवा बजारमा बुधवार बैंक तथा वित्तीय संस्था पीडित ऋणीहरूको भेला सम्पन्न भएको छ। पर्साको उत्तरी ग्रामीण भेगका करीब तीन सय महिला/पुरुष ऋणीहरूको कार्यक्रममा सहभागिता थियो ।

दुर्गा प्रसाईंले चलाएको नागरिक बचाउ अभियान पर्साको आयोजनामा भएको कार्यक्रममा श्रीपुर पंचगावाँबाट रङ्पुर हुँदै पीडितहरूको जुलुस मनवा बजारमा आएको थियो । कार्यक्रम दिउँसो १ देखि साँझ ५ बजेसम्म चलेको थियो ।

कार्यक्रममा सहभागीहरूले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिंदा कोरोना जस्तो महामारीमा पनि ब्याज मिनहा नगरेकोले आफूहरू मर्कामा परेको भन्दै ब्याजमा छुट दिने सरकारले नीति ल्याउनुपर्ने माग गरेका छन् । साँवा र ब्याजमा अचाक्ली हिसाब जोडेर ऋणीमाथि थप आर्थिक भार पारिएकोले सरकार गम्भीर बन्न नागरिक बचाउ अभियानका सदस्य पर्साका राजेन्द्रबहादुर दमाईले बताए ।

बैंक तथा वित्तीय संस्थाबाट ऋणीले दैनिक तनाव झेल्नुपर्दा कतिपय पर्सागढीकी चमेली चौधरीले आरोप लगाइन् ।


भेलामा सहभागी महिलाहरू । तस्वीरः प्रतीक

आत्महत्याको बाटो रोज्न लागेकाले सरकारले तत्काल यस विषयमा अग्रसरता देखाउनुपर्ने उनीहरूले माग गरे। गाउँमा सञ्चालित सहकारीले पहिला सोझासाझा महिलालाई समूहमा आबद्ध गराउने अनि ऋण लगानी गरेर ब्याजको जालमा फसाउने गरेको

सहभागीहरूले जबसम्म सरकारले आफूहरूको समस्या सम्बोधन गर्दैन, तबसम्म आन्दोलन जारी राख्ने चेतावनी दिए । नागरिक बचाउ पर्सा सङ्घर्ष समितिमा करीब पाँच सयभन्दा बढी ऋणी आबद्ध भई आन्दोलन गरिरहेका छन् ।

# क्रिकेटमा वीरगंजको नाम राख्नुपर्छ –उपप्रमुख आलम

प्रस, वीरगंज, ३१ साउन/

वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले क्रिकेटजगत्मा वीरगंजको नाम राख्नुपर्ने बताएका छन् ।

बुधवार पर्सा क्रिकेट सङ्घको सातौं साधारणसभा तथा जिल्ला अधिवेशनको उद्घाटन गर्दै उनले क्रिकेट खेलाडीलाई सहयोग गर्न महानगर तयार रहेको बताए ।



तस्वीरः सौजन्य

कार्यक्रममा प्रस्तुत गरिएको प्रतिवेदनमा पर्सा जिल्ला क्रिकेट सङ्घले दुई वर्षजति कोभिडको कारण कुनै खेलकूद आयोजना नगरेको जनाएको छ। त्यसपछि क्रिकेट एशोसिएशन अफ नेपालद्वारा सञ्चालित कार्यक्रमहरू गरिएको बताए । शहरी भेगमा मात्र सीमित रहेको क्रिकेटलाई ग्रामीण भेगमा पुऱ्याउन, खेलाडीलाई प्रशिक्षण, नारायणी रङ्गशालास्थित क्रिकेट मैदानको स्तरोन्नतिलगायत गरिने प्रतिवेदनमा उल्लेख छ ।

क्रिकेट सङ्घका अध्यक्ष दाउद अन्सारीको अध्यक्षतामा भएको कार्यक्रममा माधव कर्माचार्य, नेपाली काङ्ग्रेसका नेता धर्मराज यादव, उपप्रमुखका स्वकीय सचिव शेख हजरालगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण घनश्याम गुप्ताले गरेका थिए ।

# सालको काठसहित मञ्जय पक्राउ

नरेश यादव, पर्सागढी, ३१ साउन/

प्रहरी चौकी बडनिहारले गस्ती गर्ने क्रममा सालको काठसहित एकजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा वीरगंज महानगरपालिका-२९ बस्ने मञ्जय राम रहेको प्रहरीले जनाएको छ ।

राष्ट्रिय वनबाट काठ चोरी गरी ल्याउने क्रममा पर्सागढी नपा-३ को पारस पटेलचोकबाट रामलाई पक्राउ गरिएको प्रहरी चौकी बडनिहारका प्रहरी सहायक निरीक्षक देवेन्द्र गिरीले बताए । पक्राउ परेका राम र काठलाई कारबाईको लागि सबडिभिजन वन कार्यालय, सबैयामा पठाइएको उनले बताए ।




# मल चोरीको आरोपमा चारजना पक्राउ

प्रस, रौतहट, ३१ साउन/

आपराधिक विश्वासघात र चोरी तथा डाँका मुद्दामा जिल्ला प्रहरी कार्यालय, रौतहटले चारजनालाई पक्राउ गरेको छ ।

वृन्दावन नगरपालिका-६ बस्ने वर्ष २८ का हरिकान्त पासवान, गुजरा नपा-९ सिमराभवानीपुर बस्ने वर्ष ४२ का कृष्ण चौधरी, चन्द्रपुर-९ बस्ने लक्ष्मण चौधरी, चन्द्रपुर-१० बस्ने बालचनपुरका छोटेलाल बैठा र गुजरा नपा-२ का मुकेश महतो पक्राउ परेका र उनीहरूमाथि आपराधिक विश्वासघात र चोरी तथा डाँका मुद्दामा अदालतबाट म्याद थप गरी हिरासतमा राखेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, रौतहटका सूचना अधिकारी प्रनाउ उमाशङ्करप्रसाद यादवले बताए ।

अशोक विनायक ट्रान्सपोर्ट कम्पनीमार्फत ४२० बोरा युरिया मल कृषि सामग्री कम्पनी लिमिटेड, वीरगंजबाट शाखा कार्यालय चन्द्रपुर, रौतहटमा लैजाने क्रममा ना.६ख ९१९२ नम्बरका चालक हरिकान्त पासवान सम्पर्कविहीन भएका थिए । सो सम्बन्धमा इप्रका, चन्द्रपुरको टोलीले अनुसन्धान गर्दा गुजरा नपाको मैरा कटानी जङ्गलबाट ना.६ख ९१९२ नम्बरको ट्रक, १०२ बोरा मल, अन टेस्ट ट्याक्टर र ना.३त २१८० नम्बरको सोनालिका ट्याक्टरसहित चारजना पक्राउ परेका सूचना अधिकारी यादवले बताए ।

# दिल्लीमा नेपाली युवकको मृत्यु


सत्येन्द्रको शव गाउँमा आएपछि भीड । तस्वीरः प्रतीक

प्रस, वीरगंज, ३१ साउन/

भारतको दिल्लीमा काम गर्दै आएका एकजना नेपाली युवकको मृत्यु भएको छ। मृत्यु हुनेमा छिपहरमाई गाउँपालिका-१ भलुवहिया निवासी २९ वर्षीय सत्येन्द्रप्रसाद यादव रहेका छन् ।

दिल्लीको नोयडामा काम गरिरहेका बेला यादव चार तले घरबाट लडेर घाइते भएका र फोर्टिस हस्पिटलमा उपचारको क्रममा सोमवार राति मृत्यु भएको स्थानीय धमेन्द्र यादवले जानकारी दिएका छन् ।

यादवको शव आज गाउँमा आइपुगेको छ। परिवारको पालनपोषण गर्दै आएका सत्येन्द्रको मृत्युपछि उनको परिवार बिचल्लीमा परेको छ ।

**अधिकमास ...**

पुराणमा उल्लेख गरिएको धर्मशास्त्रविद् प्रा तोयराज नेपालले जानकारी दिए ।

यस वर्ष साउन महीनामा अधिकमास परेकाले नेपालीका धेरै पर्व नागपञ्चमीदेखि दशैं, तिहार एवं छठसमेत पछि सरेको छ । यसअघि २०७८ असोज र त्यसअघि २०७५ जेठ महीनामा अधिकमास परेको थियो ।

यो महीनामा वैदिक सनातन धर्मावलम्बीले घरघरमा पुरुषोत्तममास माहात्म्य पाठ गर्ने र कथा सुनी मनाएका छन् । भगवान् पुरुषोत्तमलाई मालपुवा अर्पण गरी आफन्त र परिवारले खाई पुरुषोत्तम मास मनाइएको छ । यस अवसरमा नेपालीले गुरु एवं पुरोहित, छोरी, ज्वाइँ, भान्जाभान्जीलगायत आफन्तलाई घरमा डाकेर मालपुवा दान गर्ने विधि रहेको छ ।

**'निर्माणाधीन ...**

ढिलो उपलब्ध गराएकै कारण जीर्ण अवस्थामा रहेको पुरानो पुललाई भत्काउँदा सवारीसाधन आवागमनमा कठिनाइ हुने हुँदा पुल भत्काउन ढिलाइ भएकै कारणले तोकिएकै समयभित्र नयाँ पुल निर्माण गर्न नसकिएको पुल निर्माण ठेकेदार कम्पनी महादेव खिम्ती हीराचन जेभी, काठमाडौंका इन्जिनीयर झाले बताए।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरूसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

**बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड